# पूर्व प्रत्यक्ष दर्ता प्रणाली (Pre-live Enrollment) मा फाराम भर्ने तरिका

१. राहदानी विभागको वेभसाईट **www.nepalpassport.gov.np** मा लग-इन (Log in) गर्नूहोस् ।

२. उक्त पेजको माथिल्लो भाग (top) मा देखिने अनलाईन प्रि-इनरोलमेन्ट (Online Pre-Enrollment) वटनमा क्लिक गर्नुहोस् ।

३. तपाईंले देख्नुभएको पेजमा लेखिएको जानकारी / सूचना ध्यानपूर्वक पढी पेजको तल टिक ( ) गर्नुहोस् र अगाडि बढ्नका लागि Next मा क्लिक गर्नुहोस् ।

४. तपाईंले देख्नुभएको अक्षर / अङ्क तोकिएको स्थानमा सावधानीपूर्वक दुरुस्त टाइप गरी **submit** वटनमा क्लिक गर्नुहोस् ।

५. सोधिएका विवरणहरु सावधानीपूर्वक भर्नुहोस् ।

६. तपाईंले भर्नुभएको फाराम सुरक्षित (save) गर्नसक्नु हुनेछ । त्यसका लागि सेभ ड्राफ्टमा क्लिक गर्नुहोस् अथवा **next** वटनमा क्लिक गरेर फाराम भर्ने काम सक्नुहोस् ।

७. तपाईंले इच्छाएको व्यक्तिको विवरण सावधानीपूर्वक भर्नुहोस् र **next** वटनमा क्लिक गर्नुहोस् ।

८. राहदानीका लागि आवेदन गर्न तपाईंले राहदानी विभाग वा राजदूतावास / महावाणिज्यदूतावास कुन ठाउंमा आवेदन गर्नुभएको हो सो खुलाउनुहोस् ।

९. तपाईंले फोटो खिच्न तथा हस्ताक्षरका लागि समय लिन चाहनु हुन्छ भने यो पेजमा खुलाउनुहोस् । यो अनिवार्य होइन, ऐच्छिक हो ।

१०. तपाईंले भरेको सबै विवरण ठीक भए / नभएको ध्यानपूर्वक पुनः जांच गर्नुहोस् ।

११. यदि सबै विवरण ठीक छ भने **submit** वटनमा क्लिक गर्नुहोस् ।

१२. तपाईंले पेश गर्नुभएको विवरण सफल भएको जानकारी आउनेछ । त्यसमा **ok** गर्नुहोस् ।

१३. **Download Application** वटनमा क्लिक गरी प्रिन्टमा क्लिक गरेर तपाईंले भर्नुभएको फाराम प्रिन्ट गर्न सक्नुहुन्छ । यदि फाराम प्रिन्ट गर्न सक्नुभएन वा प्रिन्ट गर्ने सुविधा छैन भने **Barcode** लेख्न वा मोवाइलमा फोटो खिच्न सक्नुहुनेछ । फाराममा इमेल ठेगाना भर्नुभएको छ भने सो जानकारी इमेलमा समेत पाउन सक्नुहुनेछ ।

१४. यसरी छापिएको फाराम वा **Barcode** ठीक ढंगले नोट गरी आवश्यक कागजात सहित आफ्नो फोटो खिच्न तथा हस्ताक्षरका लागि तपाईंले फाराममा उल्लेख गर्नुभएको समयमा राहदानी विभाग वा विदेशस्थित तोकिएको राजदूतावास महावाणिज्यदूतावासमा जानुहोस् । समय लिनुभएको छैन भने कार्यालय खुल्ने दिन र समयमा जान सक्नु हुनेछ ।

१५. तपाईंले पूर्व प्रत्यक्ष दर्ता प्रणाली (**Pre-live Enrollment**) बाट फाराम भरेको १५ कार्य दिन त नाघिसकेको छैन नि ? छिटो गर्नुहोस् १५ कार्य दिन नाघिसकेको भए तपाईंले पुनः फाराम भर्नुपर्ने हुन्छ ।

नोटः- विदेशमा पूर्व प्रत्यक्ष दर्ता प्रणाली मार्फत् फाराम भर्ने सेवा नेपाली राजदूतावास वाशिङ्गटन डि.सी., लण्डन, क्वालालम्पुर, रियाद, कुवेत, अवुधावी र दोहा एवं नेपाली महावाणिज्यदूतावास हङ्गकङ्ग, न्यूयोर्क र जेद्धामा उपलब्ध छ ।